# तल्लो मोदीखोला जलविद्युत आयोजनाले ४२ लाख कित्ता आइपिओ निश्कासन गर्ने, बिक्री प्रबन्धकमा सनराइज क्यापिटल नियुक्त



**अर्थ संसार, काठमाडौं– गण्डकी प्रदेशको पर्वत जिल्लामा अवस्थित तल्लो मोदीखोला जलविद्युत आयोजनाले ४२ लाख कित्ता साधारण शेयर (आइपिओ) निश्कासन गर्ने भएको छ ।**

**प्रवर्धक मोदी इनर्जी लिमिटेडले निर्माण गरिरहेको २० मेगावाट तल्लो मोदीखोला जलविद्युत आयोजनाले १६ लाख ८० हजार कित्ता आयोजना प्रभावित स्थानीय बासिन्दाको लागि र २५ लाख २० हजार कित्ता सर्वसाधारणको लागि शेयर निकासन गर्न लागेको हो ।**

प्रतिकित्ता रु १०० रुपैयाँको दरले रु ४२ करोडको शेयर निश्कासन गर्न मोदीइनर्जीले सनराइज क्यापिटललाई शेयर बिक्री प्रबन्धममा नियुक्त गरेको छ ।

उक्त कार्यको लागि कम्पनीको तर्फवाट संचालक कुमुद कुमार दुगड तथा सन्राइज क्यापिटल लिमिटेडको तर्फवाट प्रमुख कार्यकारी अधिकृत बिजय लाल श्रेष्ठले एक कार्यक्रम विच सम्झौतापत्रमा हसक्षर गरेका छन् ।